# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्धारा इन्फिनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७३ माघ ७ गते नवलपरासीको गैंडाकोटमा केन्द्रीय कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त



इन्फिनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्नु भयो । उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले गरिबीको सघनता विशेष गरी दुर्गम एवम् ग्रामीण क्षेत्रमा रहेको तथा प्राकृतिक साधन स्रोत, उत्पादनमुलक व्यवसाय र रोजगारीमा गरिबको पहुँच अत्यन्त न्यून रहेकोले वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आर्थिक क्रियाकलाप बढाइ रोजगारी सिर्जना गरी आयस्तरमा सुधार ल्याउन लघुवित्त वित्तीय संस्थाहरुको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । लघुवित्त संस्थाहरु विपन्न तथा निम्न वर्गको आर्थिक तथा  सामाजिक अवस्थामा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ स्थापित संस्था भएको हुँदा उच्च मुनाफातर्फ मात्र ध्यान नदिई विपन्न वर्गको उत्थानमा टेवा पुग्ने गरी संस्था सञ्चालन गर्नुपर्ने धारणा उहाँले राख्नु भयो ।

नेपालमा ठूलो मात्रामा खाद्यान्न, फलफूल र तरकारी लगायतका कृषिजन्य वस्तुहरुको आयात बढ्दै गएको उल्लेख गर्नु हुदै गभर्नर डा. नेपालले कृषिमा आधारित परियोजनाहरुको विकास र विस्तार गर्न लघुवित्त संस्थाहरुले जोड दिनु पर्ने बताउनु भयो । त्यसैगरी कृषिको बजारीकरणलाई विकास गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरु अग्रसर हुनु पर्ने बताउनु भयो ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत उच्च गरिबी रहेका पहाडका १० जिल्लाहरु र गरिबीको गहनता तुलनात्मक रुपमा बढी भएका तराईका ११४ गाउँ विकास समिति र ४ वटा नगरपालिकाहरुमा कृषि तथा आयमूलक व्यवसायलाई प्रोत्साहन गर्न १ प्रतिशत ब्याजदरमा पुर्नकर्जा सुविधा उपलब्ध गराउने नीति लिएको बताउनु भयो । नेपालका ग्रामीण क्षेत्रमा साना कर्जाको उच्च माग रहेको कुरा बताउनु हुदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुले यी क्षेत्रहरुमा शाखा विस्तार गरी सुलभ कर्जा कार्यक्रम ल्याउनु पर्ने बताउनु भयो । बैदेशिक रोजगारीको लागि युवा जनशक्ति पलायन हुने प्रवृत्ति उच्च रहेको चर्चा गर्नु हुदै गभर्नर डा. नेपालले स्वदेशमानै उद्यमशिलताको विकास गरी रोजगारी सिर्जना गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गर्नुभयो ।

अन्त्यमा, गभर्नर डा. नेपालले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नु हुदै संस्थाले त्यस क्षेत्रको आर्थिक विकासमा उच्च योगदान दिने विश्वास व्यक्त गर्नु भयो ।

गभर्नर डा. नेपालले सोही दिन रुपन्देहीको बुटवलमा आयोजित बुटवल जेसिजको ४३ औं पदहस्तान्तरण कार्यक्रमलाई पनि सम्बोधन गर्नु भएको थियो ।

२०७३ माघ ७, शुक्रवार

गभर्नरको कार्यालय